# घरमै गरिने थुक परीक्षण कसरी गर्ने ट्रान्सक्रिप्ट

[उत्साहजनक सङ्गीत]

[वर्णन] घरमै गरिने थुक परीक्षण कसरी गर्ने

सबैका लागि निःशुल्क घरमै थुक परीक्षण प्रदान गर्नका लागि मिनेसोटा राज्य र भल्ट मेडिकल सर्विसेजले सहकार्य गरेका छन् ।

तपाईंको टेस्ट किट (परीक्षण प्याकेट) तपइकाँ पुरियाईए पछि, तपाईंले, तपाईंको परीक्षण नमुना आएको छ भनेर बताउन र भल्ट मेडिकल सर्विसेजलको वेबसाइटको लिङ्क सहित ईमेल प्राप्त गर्नुहुनेछ । तपाईंले सकेसम्म चाँडो COVID-19 परीक्षण गराउनुहोस् । यदि तपाईंलाई COVID-19 सङ्क्रमण भएको छ भने, तपाईंलाई जति चाँडो थाहा भयो, तपाईंले त्यति चाँडो अरूमा फैलिन नदिन कदम चाल्न सक्नुहुन्छ ।

घरमै गरिने थुक परीक्षण लिन, तपाईंलाई राम्रो इन्टरनेट कनेक्सन र राम्ररी चल्ने क्यामेरा सहितको स्मार्ट फोन वा ल्यापटप कम्प्युटर आवश्यक पर्दछ ।

परीक्षण लिनुभन्दा 30 मिनेट अगाडिदेखि खाने, पिउने, धुम्रपान गर्ने वा कुनै चीज चपाउने नगर्नुहोस् ।

तपाईं परीक्षण लिन तयार भएपछि, भल्टको वेबसाइटमा उनीहरूको परीक्षण अवधि(आइतवार-बिहीवार बिहान 7 बजेदेखि साँझ 7 बजेसम्म, शुक्रवार-शनिवार बिहान 5 बजेदेखि साँझ 7 बजेसम्म) भित्र लग अन गर्नुहोस् । तपाईंले अपोइन्टमेन्ट लिइरहनुपर्दैन ।

तपाईं एक अनलाइन प्रतीक्षाकक्षमा प्रवेश गर्नुहुनेछ । यदि त्यस दिन धेरै व्यक्तिहरूले आफ्नो घरमा गरिने थुक परीक्षण लिइरहेका छन् भने तपाईंले केही बेर पर्खनुपर्ने हुन सक्छ । तपाईंले अनलाइन प्रतीक्षाकक्षमा पर्खिरहनुबहेको बेला परीक्षण नलिनुहोस् ।

भिडियो मार्फत तपाईंको भल्ट परीक्षण सुपरभाइजरसँग सम्पर्क स्थापित हुनेछ जसले तपाईंलाई कसरी परीक्षण लिने भनेर बताउनेछन् । तपाईंले ट्यूबमा जोडिएको फनेल (नली) मा थुक्नुपर्नेछ । आवश्यक मात्रामा थुक निकाल्न प्राय: 10-12 मिनेट लाग्छ ।

परीक्षण सुपरभाइजरले तपाईंलाई परीक्षण नमुना प्रयोगशालामा पठाउनको लागि कसरी प्याक गर्ने भनेर बताउनेछन् ।

तपाईंको परिक्षण पूरा भएपछी, तपाईंको नमूना प्रयोगशालामा पठाउन पहिले नै भुक्तानी भइसकेको UPS प्याकेजमा हालि पूर्ण रूपमा सील बन्दी गर्नुहोस् र UPS ड्रप बक्स वा UPS स्टोरमा यथाशीघ्र पुरियउनुहोस् । UPS वेबसाइटमा एक लोकेटर उपकरण छ जुन तपाईंले आफू नजिकको UPS ड्रप बक्स वा स्टोर फेला पार्नको लागि प्रयोग गर्न सक्नुहुन्छ ।

तपाईंले आफ्नो नतिजा, ल्याबले तपाईंको नमूना प्राप्त गरेको 24 देखि 48 घण्टाभित्र ईमेल मार्फत प्राप्त गर्नुपर्ने हो ।

यदि तपाईंका कुनै प्रश्न छन्, दोभाषे चाहिन्छ वा कुनै समायोजन आवश्यक छ भने, 800-800-5698 मा फोन् गर्नुहोस् वा तपाईंको भाषिक आवश्यकता वा सहयोगको अनुरोध सहित accessibility@vaulthealth.com मा ईमेल गर्नुहोला । परिक्षण गराएर हाम्रो समुदायलाई सुरक्षित राख्न मद्दत गर्नुभएकोमा धन्यवाद ।

COVID-19 परीक्षणको बारेमा थप जानकारीको लागि, यहाँ जानुहोस्: mn.gov/covid19

[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

02/02/2021 (Nepali)

*यस जानकारीलाई फरक ढाँचामा प्राप्त गर्न यसमा फोन् गर्नुहोस्: 651-201-4989*